लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं २०७९/०८०　　　　च.नं　　　　मिति:२०८०/०२/०४

## ५० प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक सिट वितरण कार्यक्रम सञ्चालनका लागी प्लाष्टिक सिट खरिदको विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सुचना ।

*प्रथम पटक सुचना प्रकाशित मिति: २०८०/०२/०५*

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङमा आवश्यक पर्ने ५० प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक सिट वितरण कार्यक्रम सञ्चालनका लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को १ अनुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउ पत्र खरिद गरि देहाएको मिति र समय भित्र तपशिलको शर्त बमोजिम विद्युतीय शिलबन्दी दरभाउपत्र यस कार्यालयमा **www.bolpatra.gov.np** माध्यम द्वारा पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन मिति:२०८०/०२/१९ गते सम्म कार्यालय समय भित्र व्यवसायी दर्ता प्रमाण पत्र, नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, तथा आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहितको निवेदन पेश गरि www.bolpatra.gov.np वेभसाइटबाट वा लमही नगरपालिका कार्यालयबाट रु.१०००। अक्षेरुपी एक हजारमात्र मा फिर्ता नहुने गरि यस लमही नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व रा.बा.बैं लमही दाङ खाता नं ४२९०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वा लमही न.पा. राजस्व शाखामा दरभाउपत्र दस्तुर बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. बिक्री भइसकेको दरभाउपत्रहरु सिलबन्दी गरि १६औं दिन मिति:२०८०/०२/२० गते १२.०० बजेसम्म दर्ता गराई सक्नुपर्ने छ र सोही दिनको २.०० बजे दर्ता हुन आएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ ।दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।दरभाउपत्र दाताले दरभाउ पत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.वा.बैंक लमही दाङ धरौटी खाता नं ४२९०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

३. दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुनेछ ।

४.दरभाउपत्रमा पेश गरेको मुल्य यस आ.व. २०७९/०८० को लागी भएकाले असाढ मसान्तसम्म कुनै प्रकारको मुल्य वृद्धिलाई स्वीकार गारिनेछैन ।साथै यस नगरपालिकालाई आवस्यक पर्ने परिमाणमा सामान उपलब्ध गराउनुपर्नेछ ।

५. दरभाउपत्रमा कबुल गरेको दररेटमा नै सम्वन्धित निकाय सम्म मल्चिङ प्लाष्टिक सिट आइपुग्नुपर्नेछ र आइपुग्ने मल्चिङ प्लाष्टिक सिट चौडाई १.२० से.मि. लम्वाई ४०० मिटर र मोटाई ३० माइक्रोन र कम्तीमा १३ के.जी. को रोल हुनुपर्ने छ ।

६. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ ।केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्नेछ ।

७. दरभाउपत्र एकमुष्ट रुपमा मुल्याङकन गरिनेछ ।दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंसिक रुपमा स्वीकृति गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

८. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० ङ अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभए आफ्नो स्वार्थ नवाझिएको पेशा वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयं घोषणा गरेको पेश गर्नुपर्नेछ ।स्वयं घोषणापत्र पेश नगरेको दरभाउपत्रलाइ मान्यता दिईने छैन ।

९. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ तथा नियमानुसार हुनेछ ।

१०. मल्चिङ प्लाष्टिक सिट विवरण -

| क्र.सं | दरभाउपत्र नं. | सामाग्रीको विवरण | फारम दस्तुर रु. | धरौती रकम रु. |
|---|---|---|---|---|
| १. | कृषि ०२ ख/२०७९/०८० | ५० प्रतिशत अनुदानमा मल्चिङ प्लाष्टिक सिट वितरण कार्यक्रम सञ्चालनका लागी प्लाष्टिक सिट खरिद । | १,०००।- | ४७,९००।- |

देवेन्द्र प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Web site : www.lamahimun.gov.np
Email : lamahinapa@gmail.com

CamScanner